महाभारत गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बनखुचौर, काभ्रेपलाञ्चोक

## आर्थिक तथा प्राविधिक प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९।०८।१५ गते**

यस कार्यालयको आर्थिक वर्ष २०७९/०८० को संघीय सशर्त अनुदानको कार्यक्रम गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको मोडलमा यस गाउँपालिकाको तोकीएका वडामा ८० जना नयाँ लघु उद्यमी सिर्जना तथा ४० जना भैरहेका उद्यमीहरुको स्तरोन्नती कार्यक्रमका लागि यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र सार्वजनिक खरिद ऐन नियमावली तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा तोकिए वमोजिमको ढांचामा उल्लेखित शर्तमा रहि यस कार्यालयमा आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ। म्याद नाघी वा रितपुर्वक पेश नभएका प्रस्तावहरु माथि कुनै कारवाही हुने छैन।

**न्युनतम् शर्त तथा आवश्यक कागजातहरु**

१. अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन।

२. मेडेप मेड्पा कार्यक्रम सम्वन्धी काम गरेको अनुभव।

३. संस्था दर्ता प्रमाण पत्र ,आ.व २०७७/७८ को नविकरण, कर चुक्ताको प्रमाण पत्र, समाज कल्याण परिषदको दर्ता तथा नविकरण।

४.प्रस्तावित कार्यक्रमको वजेट नयाँ लघु उद्यमी सिर्जनाको लागि मुल्य अभिवृद्धि कर सहित रु.९,७५,८०० (नौ लाख पचहत्तर हजार आठ सय रुपैयाँ मात्र) र स्तरोन्नती कार्यक्रमको मुल्य अभिवृद्धि कर सहित रु.४,८०,०००।-(चार लाख असी हजार रुपैयाँ मात्र) हुनेछ।

५.प्रस्तावदाताले उल्लेखित कार्यक्रम संचालन गर्न आफ्नो योग्यता, अनुभव र क्षमता पुष्टी गर्ने विवरण सम्वन्धित संस्थाले प्रमाणित गरी साथै सम्वन्धित व्यक्तीले सहि गरेको जनशक्ति वायोडाटा शैक्षिक योग्यता, अनुभव, तालिमहरुको प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न गर्नुपर्नेछ।

६.प्राविधिक प्रस्ताव पेश गर्ने १६ औं दिनको दिउसो २:०० वजे प्रस्तावदाताको रोहवरमा खोलिनेछ यदि रोहबरको उपस्थिती नभएमा प्रस्ताव खोल्न वाधा पर्ने छैन। सो दिन विदा पर्न गएमा कार्यालय खोलेको दिन खोलिनेछ।

७.मेड्पा कार्यक्रम संचालन निर्देशिका २०७७, बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी छुट्टा छुट्टै खाममा शिलवन्दि गरी पुनः खामवन्दि गरी पेश गर्नुपर्नेछ।

८.प्राविधिक तथा आर्थिक प्रस्ताव स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित हुनेछ।

९.यस सुचनामा नखुलाईएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७, मा तोकिए वमोजिम हुनेछ।

१०.पेश गरीएका सम्पुर्ण कागजात सम्वन्धित संस्थाले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

हरि सिंह विष्ट
प्रमुख प्रशासकीय अधिकृत

CamScanner